# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, चैत ६ गते, २०८१ साल (अतिरिक्ताङ्क ११

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

<u>खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (चौथो संशोधन) आदेश, २०८१</u>



खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस आदेशको नाम "खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (चौथो संशोधन) आदेश, २०८१" रहेको छ।

(२) यो आदेश सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ को दफा ३ मा संशोधन</u>: खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को,-

(१) उपदफा (२) को खण्ड (क) मा रहेका "ख्याति प्राप्त प्रदेश सरकारले" भन्ने शब्दहरूको सट्टा "ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट प्रदेश सरकारले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "वा सदस्यमा नियुक्त" भन्ने शब्दहरूको सट्टा "वा उपदफा (२) को खण्ड (ख) वा (ग) बमोजिमको सदस्यमा नियुक्त" भन्ने शब्दहरू राखिएका र उपदफा (३) को खण्ड (क) मा रहेका "३५ वर्ष" भन्ने शब्दहरूको सट्टा "तिस वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखी प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"(६) समितिका अध्यक्ष एवम् उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यको पदावधि नियुक्ति भएको मितिबाट चार वर्षको हुनेछ।

तर कुनै सदस्यको पदावधि पूरा नहुँदै पद रिक्त हुन गएमा बाँकी अवधिको लागि मनोनयन गरेर त्यस्तो रिक्त पद पूर्ति गर्न सकिनेछ।"

३. **<u>मूल आदेशको दफा ४ मा संशोधन</u>**: मूल आदेशको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (ढ) पछि देहायको खण्ड (ण) थपिएको छः-

"(ण) प्रदेश सरकारबाट खप्तड क्षेत्रको पर्यटन विकासको लागि लक्षित गरी स्वीकृत गरिएका कार्यक्रमहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्न समन्वय एवम् सहजीकरण गर्ने।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) समितिले उपदफा (१) बमोजिम राष्ट्रिय निकुञ्ज क्षेत्रमा काम गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, वन ऐन, २०७६, वन नियमावली, २०७९, सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७, सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८ तथा अन्य प्रचलित कानूनको अधीनमा रही खप्तड राष्ट्रिय निकुञ्जसँग समेत समन्वय गरी कार्य सम्पादन गर्नेछ।"

४. **<u>मूल आदेशको दफा ६ मा संशोधन</u>**: मूल आदेशको दफा ६ को,-





(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको व्यक्तिलाई मन्त्रालयले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।"

(२) उपदफा (५) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) प्रदेश सरकारबाट स्वीकृत भई विनियोजन भएका कार्यक्रमहरूको प्रगति विवरण अर्धवार्षिक तथा वार्षिक रुपमा मन्त्रालयमा पेस गर्ने।"

५. **<u>मूल आदेशको दफा ११ मा संशोधन</u>**: मूल आदेशको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"११. <u>बैठक भत्ता</u>: समितिका अध्यक्ष तथा सदस्यहरूले समितिको बैठकमा भाग लिए बापत प्रचलित कानून बमोजिम बैठक भत्ता लिन सक्नेछन्।"

६. <u>रुपान्तर</u>: मूल आदेशको दफा ३ को उपदफा (५) को खण्ड (क) मा रहेका "उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरू एवम् दफा १४ मा रहेका "उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश" भन्ने शब्दहरूको सट्टा "मन्त्रालय" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

**आज्ञाले,**
**प्रमोद भट्टराई**
**प्रदेश सरकारको सचिव**



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-